# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक ।

**मिति २०८१/०६/२० गतेको गाउँ कार्यपालिकाको ३ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | विजया दशमी तथा शुभ-दिपावलीको अवसरमा शुभकामना व्यक्त गर्ने सम्बन्धमा । | |
| २. | धन्यवाद व्यक्त गर्ने सम्बन्धमा । | |
| ३. | कार्यक्रम संशोधन (सुस्वा) सम्बन्धमा । | |
| ४. | बालमैत्री वडा र गाउँपालिका घोषणा सम्बन्धमा । | |
| ५. | विद्यालय समायोजन, तह तथा दरबन्दी मिलान सम्बन्धमा । | |
| ६. | वडा कार्यालयमा कर्मचारी व्यवस्थापन सम्बन्धमा । | |
| ७. | विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ माथि छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ८. | सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ (तेस्रो संशोधन २०८१) माथि छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ९. | सार्वजनिक खरिद व्यवस्थापन र जिन्सी व्यवस्थापन सम्बन्धमा । | |

**मिति २०८१/०६/२० गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकबाट भएका निर्णयहरुः**

१. नेपालीहरुको महान पर्व विजया दशमी तथा शुभ-दिपावली २०८१ अवसरमा देश विदेशमा रहनु भएका भगवतीमाई गाउँपालिकावासी एंव समस्त नेपालीजनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

२. यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्थानीय तह संस्थागत स्वःमूल्यांकनमा ८५.५०, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा ९५ अङ्क प्राप्त गरि उत्कृष्ट स्थानीय तहमा पर्न सफल भएको हुँदा यस कार्यमा सहयोग गर्ने निर्वाचित जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल र सम्पुर्ण भगवतीमाई गाउँपालिकावासीमा धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार सशर्त अनुदानतर्फ देहायको कार्यक्रम प्रविष्ट गर्ने क्रममा त्रुटी भई यस गाउँपालिकामा नरहेका विद्यालयको नाममा आयोजना स्वीकृत भएको हुँदा संशोधनको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना कार्यालय सुर्खेत र नेपाल सरकार खानेपानी मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | स्वीकृत कार्यक्रम | बजेट | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १. | लैङ्गिगक, अपाङ्ग, बाल मैत्री संस्थागत शौचालय निर्माण (मोतीराम बेसिक स्कूल वडा | १३,७३,०००। | लैङ्गिगक, अपाङ्ग, बाल मैत्री संस्थागत शौचालय निर्माण (कालिका मा.वि. डौरीमन्घर | |

| क्र.सं. | स्वीकृत कार्यक्रम | बजेट | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| | नं. ३, ख्योंगजोंग प्राइमरी स्कूल ढींगा वडा नं. १) | | वडा नं. ४, आदर्श आ.वि. सनिगाउँ वडा नं. ६) | |

४. यस गाउँपालिकामा बालमैत्री स्थानीय पद्धति कार्यान्वयन पुर्णता दिन निर्धारित सूचकहरु पुरा गर्दै बालमैत्री वडा तथा बालमैत्री गाउँपालिका क्रमशः घोषणा गर्दै जाने र दिगोपनाका लागि आवश्यक स्रोत साधन प्रबन्ध मिलाउने निर्णय गरियो ।

५. यस गाउँपालिका अन्तर्गतका विद्यालय समायोजन र तह तथा दरबन्दी मिलानको लागि कार्यविधि तर्जुमा गर्न देहाय बमोजिम कार्यविधि मस्यौदा समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री गणेशबहादुर थापा | गाउँ कार्यपालिका अध्यक्ष | - संयोजक |
| २. | श्री मिनाकुमारी खड्का | गाउँ कार्यपालिका उपाध्यक्ष | - सदस्य |
| ३. | श्री कमलप्रसाद अधिकारी | शिक्षक, श्री ज्वाला मा.वि. | - सदस्य |
| ४. | श्री जयबहादुर नेपाली | शिक्षक, श्री ज्वाला मा.वि. | - सदस्य |
| ५. | श्री तेजबहादुर खड्का | स्रोत विज्ञ | - सदस्य |
| ६. | श्री प्रेमबहादुर खड्का | नायब सुब्बा | - सदस्य |
| ७. | श्री मानबहादुर विश्वकर्मा | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | - सदस्य सचिव |

६. यस गाउँपालिका अन्तर्गत वडा कार्यालयमा आवश्यक वडा सचिव र कर्मचारी व्यवस्थापन गरि सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

७. भगवतीमाई गाउँपालिका विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो तथा उक्त कार्यविधि अर्को बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

८. भगवतीमाई गाउँपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ (तेस्रो संशोधन २०८१) माथि संक्षिप्त छलफल गरियो र उक्त कार्यविधि अर्को बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

९. यस भगवतीमाई गाउँपालिका अन्तर्गत गरिने सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

क. मालसामान खरिद गर्दा खरिद आदेश स्वीकृत गरेर मात्र गर्ने गराउने ।

ख. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा हुने रु. १,००,०००। (एक लाख) भन्दा बढीको खरिदको लागि अनिवार्य लागत अनुमान र स्पेशिफिकेशन स्वीकृत गरि खरिद ईकाइबाट निर्णय गराई प्रतिस्पर्धा गराएर मात्र खरिद गर्ने गराउने ।

ग. खरिद गरिएका सबै मालसामान अनिवार्य सरकारी जिन्सी प्रणालीमा प्रविष्ट गरि सरकारी सम्पत्तिको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

<u>भिन्न मत</u>

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
| --- | --- | --- | --- | --- |
| | | | | |